तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

**का.बै.स. १९/०७५/०७६(५५) मिति : २०७५/१०/१० गते**

**प्रस्तावहरु:**

१. सिक्स लेन सडक हरियाली प्रवर्धन तथा तारवार व्यवस्थापन सम्वन्धमा ।
२. ऐन तथा कार्यविधि सम्बन्धमा ।
३. समपुरक एवं विशेष अनुदानका योजना सम्बन्धमा ।
४. सिक्स लेन सडक किनारामा बुद्ध मूर्ति राख्ने (वार्षिक कार्यक्रम) सम्बन्धमा ।
५. पशु सेवा कार्यक्रम सम्बन्धमा ।
६. जग्गा उपयोगिता विश्लेषण प्राविधिक समिति गठन सम्बन्धमा ।
७. नगरसभा बैठकको मिति तय गर्ने सम्बन्धमा ।
८. कलर कोड सम्बन्धमा ।
९. नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।
१०. सम्पत्ती करमा दिईने कर छुटको समय अवधि सम्वन्धमा ।
११. दायित्व संस्थासँग कार्यक्रम साझेदारी सम्बन्धमा ।
१२. स्वयंसेवक परिचालन सम्वन्धमा ।
१३. दैनिक ज्यालादारीमा काम लगाउने सम्बन्धमा ।
१४. एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।
१५. स्रोत व्यवस्थापन तथा अन्तिम लेखा परीक्षणको प्रतिवेदन सम्बन्धमा ।
१६. विविध ।

**निर्णयहरु :**

१. नगर हरियाली प्रवर्धन कार्यक्रम तथा तारबार बजेट शीर्षक नं ४०१० मा विनियोजित रकमलाई देहाय वमोजिम बाँडफाँड गर्ने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| क्र.स. | टोल विकास संस्थाको नाम | वडा नं. | नगरपालिकाको तर्फबाट | उपभोक्ताको तर्फबाट |
|---|---|---|---|---|
| १ | जागृती टोल विकास संस्था | ३ | ३,५०,००० | २,३३,३३३/३३ |
| २ | शुभविहानी टोल विकास संस्था | ३ | १,७०,००० | १,१२,४९८/३३ |
| ३ | जानकीनगर टोल विकास संस्था | ३ | ३,२०,००० | २,१६,६५८/८३ |
| ४ | गौतम वुद्ध टोल विकास संस्था | ३ | ५,६५,००० | ३,७५,४२६/६२ |
| ५ | पशुपति टोल विकास संस्था | ३ | ६,४५,००० | ४,२८,२२९/०७ |
| ६ | शिवालय टोल विकास संस्था | २ | ५,१०,००० | ३,४१,१८२/३७ |



२०७५-१०-१६

| | | | | |
|---|---|---|---|---|
| ७ | सगरमाथा टोल विकास संस्था | १ | ९५,००० | ६२,२९७/३९ |
| ८ | एकता टोल विकास संस्था | २ | ४,३०,००० | ३,२१,४००/२२ |
| ९ | माझगाँउ टोल विकास संस्था | २ | २,५०,००० | २,३९,९३८/४७ |
| १० | सरस्वती टोल विकास संस्था | १ | ४,९०,००० | ३,२४,०२०/६० |
| ११ | प्रगती टोल विकास संस्था | १ | २,७०,००० | १,८६,४४२/०७ |
| १२ | देविथान कालिका टोल विकास संस्था | १ | ३,६०,००० | २,४४,३०४/७२ |
| १३ | सुर्योदय टोल विकास संस्था | ४ | ७,५०,००० | ५,०७४८५/३० |
| | **जम्मा रकम रु.** | | **५२,०५०००** | **३५,९२१७/३२** |

२. नगर उपप्रमुख श्री जगेश्वर देवी चौधरीद्धारा प्रस्तुत तिलोत्तमा नगरपालिकाको **"एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि २०७५"** पारित गरी निर्णय भएको मितिदेखि लागू गर्ने । साथै **"तिलोत्तमा औद्योगिक ग्राम व्यवस्थापन तथा संचालन सम्बन्धी विधेयक-२०७५"** को मस्यौदा नगर सभामा रहेको विधायन समितिमा विस्तृत छलफलका लागि पठाउने निर्णय गरियो ।

३. अर्थमन्त्रालयद्धारा जारी **समपूरक अनुदान सम्बन्धी कार्यविधि-२०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि-२०७५** अनुसार संघीय अर्थमन्त्रालयमा पठाइएका देहाय बमोजिमका आयोजनाहरुलाई अनुमोदन गरियो ।

| **समपूरक अनुदान :** | | |
|---|---|---|
| **क.स.** | **आयोजनाको नाम** | **आयोजना कार्यान्वयन गर्ने स्थान** |
| १ | तिलोत्तमा सभाहल तथा अतिथि गृह | तिलोत्तमा-९, केवलानी, रुपन्देही । |
| २ | नगरपालिकाको प्रशासनिक भवन । | कुन्जलापुर, तिलोत्तमा-६, रुपन्देही । |
| ३ | वडा कार्यालय भवन निर्माण । | तिलोत्तमा वडा नं.-३, ८ र ११ । |
| ४ | सहरी स्वास्थ्य केन्द्र भवन निर्माण | तिलोत्तमा वडा नं.-७ र ११ । |
| **विशेष अनुदान :** | | |
| १ | कृषि पकेट विकास कार्यक्रम । | वडा नं. १७ । |
| २ | गर्भवती महिला र बालवालिकाको पोषण कार्यक्रम । | वडा नं.१०, १४ र १७ । |

- श्री आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं ५ का लागि समपूरक अनुदानको अवधारणा अनुसार संचालन गर्नको लागि देहाय बमोजिमका आयोजनाहरु छनौट गरी पठाउने निर्णय गरियो ।

| **क.स.** | **आयोजनाको नाम** | **आयोजना स्थल** |
|---|---|---|
| १ | भ्यू टावर निर्माण | वडा- १ |
| २ | अतिथि गृह | वडा नं. ९ |
| ३ | वडा कार्यालय भवन निर्माण | सबै वडामा |
| ४ | नगरपालिकाकार्यालय भवन | वडा नं.-६ |

| | | |
|---|---|---|
| ५ | फोहरमैला व्यवस्थापन केन्द्र निर्माण | वडा नं. |
| ६ | तिलोत्तमा रिङ्ग रोड निर्माण | सबै वडामा |
| ७ | तिलोत्तमा बसपार्क निर्माण | वडा नं. १३ र १४ |
| ८ | कृषि उपज संकलन तथा चिस्यान केन्द्र निर्माण | वडा नं. १७ |

- जिल्ला समन्वय समिति रुपन्देहीको मौजाद कोष संचालन निर्देशिका २०७५ बमोजिम संचालन गर्नको लागि देहायका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | आयोजना स्थान |
|---|---|---|
| १ | मुख्य प्रशासनिक भवन | वडा नं. ६ कुन्जलापुर रुपन्देही |
| २ | वडा कार्यालय भवन | वडा न. ८,९,११,१३ र १६ |
| ३ | शहरी स्वास्थ्य केन्द्रको भवन | वाड नं. -७, दहल्का, रुपन्देही |

४. चालु आर्थिक वर्षको बजेट शीर्षक नं १०३० (२) रहेको बुद्धमूर्ति निर्माण कार्यक्रम प्रचलित कानूनको अधिनमा रही यथासिघ्र कार्यान्वयनको लागि आवश्यक सहजिकरण, तयारी, खरिद प्रक्रिया व्यवस्थापन, कार्यसम्पन्नताका लागि कार्यपालिका सदस्य श्री हर्कबहादुर रम्तेल र ई. श्री गिरिराज डुम्रेलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

५. आर्थिक विकास (१०१०(१) अन्तर्गतको वालि तथा पशु संरक्षण राहत कोषबाट पशुसेवाजन्य सामग्री खरिद गरी वितरणका लागि ४,०००००।- (अक्षेरुपी रु. चार लाख) वजेट व्यवस्था गर्ने निर्णय गरियो ।

६. नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०७५।०९।३० चलानी नं १५०८ को कृषियोग्य जग्गाको खण्डिकरण सम्बन्धमा मन्त्रालयबाट जारी गरिएको निर्देशनको बुँदा नं. ५ बमोजिम देहाय अनुसारको **"जग्गा उपयोगिता तथा विश्लेषण प्राविधिक समिति"** गठन गर्ने निर्णय गरियो ।

- श्री गणेश न्यौपाने-संयोजक
- श्री नारायण न्यौपाने-सदस्य
- श्री दिवाकर ढकाल-सदस्य
- श्री सुरेन्द्र श्री-सदस्य
- श्री ज्ञानेश्वर पन्त (ति.न.पा-१)-सदस्य
- श्री सालिकराम ज्ञवाली (ति.न.पा-७)-सदस्य
- श्री जितेन्द्र खड्का (ति.न.पा-१)-सदस्य

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

- कृषि शाखा प्रमुख (ति.न.पा.)-सदस्य सचिव

७. तिलोत्तमा नगरपालिकाको चौथो नगरसभाको दोश्रो वैठक मिति २०७५।११।०६ गते दिनको १३ वजे आव्हान गर्ने निर्णय गरियो ।

**८. कलर कोड सम्बन्धमा देहायबमोजिम गर्ने ।**

- सबै प्रकारका आवासिय भवनहरुको बाहिरी भागको वालमा Light Biscuit रङ्ग संकेत नं. N ०३१८ किनारामा Copper रङ्ग संकेत नं. N ०५८७ रङ प्रयोग गर्ने व्यवस्था सहित भवन निर्माण इजाजत दिने ।
- घरको कम्पाउण्ड पर्खालमा पनि प्रकरण (क) बमोजिमको प्रावधान अनुसार गर्ने ।
- आम नागरिकहरुलाई रङ्गको संकेत पहिचान गर्न सहज बनाउन नगरपालिका परिसरमा उल्लिखित रङ्ग प्रयोग भएको नमूना घरको नक्सा सहितको होडिङ्ग बोडको व्यवस्था गर्ने ।

९. श्री शुद्धोधन गाँउपालिकासँग मिति २०७५।१०।०४ भएको नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा भएको सहमति अनुसार पहुनी नाकाको नदिजन्य पदार्थको प्रचलित कानून अनुसार यथाशीघ्र ठेक्का आव्हान गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने । नगरपालिकाका बाँकी स्थानको नदीजन्य पदार्थको ठेक्का-पट्टाका लागि तयार पारिएको कार्ययोजना स्वीकृत गर्ने र ठेक्का, उत्खनन्, घाटगद्दी, विक्रि वितरण सम्बन्धी सूचना प्रकाशन लगायतका कार्यहरु यथासिघ्र अगाडि वढाउन वातावरण र राजस्व शाखालाई निर्देश गर्ने निर्णय गरियो ।

१०. तिलोत्तमा नगरपालिका आर्थिक ऐन २०७५ बमोजिमको सम्पत्ती कर छुटको अवधि २०७५ माघ मसान्तसम्मको अवधि थप गरी आगामी नगरसभाको वैठकमा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

११. दायित्व अभियान नामक गैर सरकारी संस्थाद्धारा संचालित ग्रामीण उद्यमशीलता द्रुतिकरण कार्यक्रमसँग लागत साझेदारीमा कार्यक्रम संचालन गर्नको लागि चालु आर्थिक वर्षको कार्यालय संचालन शीर्षकको २२५२२ कार्यक्रम खर्च शीर्षकबाट रु.तीन लाख बजेट व्यवस्था गर्ने । आगामी आर्थिक वर्षका लागि अलग्गै बजेट शीर्षक सहितको बजेट व्यवस्थाका लागि नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो । उक्त कार्यक्रमका सम्बन्धमा थप परामर्श कार्यक्रम संचालनको मोडालिटी सामाजिक विकास शाखाले निर्धारण गरे बमोजिम हुने निर्णय मोडालिटी गरियो ।

१२. तिलोत्तमा नगरपालिकाको सेवा प्रवाह र विकास व्यवस्थापनमा स्वेच्छिक सहयोग र सहकार्य गर्न इच्छुक व्यक्तिहरुलाई उत्साहित गरी परिचालन गर्न प्रत्येक वडावाट कम्तीमा एक जना पर्ने गरी कुल ५० जना स्वयंसेवक छनौट गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने र



०७५-१०-१०

स्वयंसेवकहरुको पहिचानका लागि सेतो रङ्गको ट्र्याक सुट, टिसर्ट, टोपी (स्वयंसेवक परिचालन कार्यविधि-२०७५को अनुसूची-२ बमोजिमको अंकित लोगो) र जुत्ता उपलब्ध गराउने व्यवस्थाका लागि प्रशासन शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

१३. तिलोत्तमा नगरपालिकाको मूल नगरहरु सोह्र छत्तिस सिचाइ प्रणालीमा लगाईएको तार जालीमा थुप्रिएको फोहोर संकलन, ढुवानी र विर्सजनका लागि कुनै एक जना (नहरमा पानीको वहाव रहने अवधिसम्मको लागि), योगीकुटी देखि कोटिहवासम्मको सिक्सलेन सडकमा लगाईएका फूलहरुको संरक्षण, प्रवर्धन, दैनिक गोडमेलका लागि अधिकतम दुईजना र चालु आर्थिक वर्षको योजना सम्झौताको बाँकी अवधि (करिब तीन महिना) को लागि बढीमा ३ जना ईन्जिनियर वा सव ईन्जिनियरहरुलाई जिल्ला दररेट अनुसार ज्याला दिने गरी दैनिक ज्यालादारीमा काममा लगाउने यस सम्वन्धी अन्य कामहरु कर्मचारी प्रशासन शाखाले व्यवस्थापन गर्ने निर्णय गरियो।

१४. तिलोत्तमा नगरपालिद्वारा संचालन गर्न लागिएको एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्वन्धमा लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**व्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली :**

१. कार्यपालिका सदस्य श्री राधा साही - (ति.न.पा-११)-संयोजक
२. उमाशंकर खड्का - (ति.न.पा-१५)-सदस्य
३. गीता देवी न्यौपाने - (ति.न.पा-१)-सदस्य
४. पर्त बहादुर पुन - (ति.न.पा-१४)-सदस्य
५. पुष्प थापा - (ति.न.पा-९)-सदस्य
६. अव्दुल ओफा मुसलमान - (ति.न.पा-१७)-सदस्य
७. भगवती पौडेल - (ति.न.पा-६)-सदस्य
८. स्वास्थ्य शाखा प्रमुख - (ति.न.पा)-सदस्य सचिव ।

१५.स्रोत व्यवस्थापन सम्वन्ध तथा महालेखा परीक्षकको प्रतिवेदन सम्वन्धमा ।

- यस आर्थिक वर्षको फिर्ता खर्च शीर्षकमा स्वीकृत रु. १० लाख मध्ये कार्यपालिकाको निर्णय अनुसार अन्य विद्यालयका हाटवजारको ५० प्रतिशतले हुने रकम भुत्तानी गर्दा विनियोजित रकम खर्च भई सकेको र शान्ती मा.वि.लाई हाटबजार ठेक्का मध्येको रु.७ लाख भुत्तानी दिने वजेट नपुग भएकाले रकम सभा संचालन खर्चमा विनियोजित रकमबाट रु.७ लाख फिर्ता खर्च शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

- भ्यूटावर निर्माणमा आन्तरिक स्रोत तर्फको रु.२ करोड मात्र बजेट विनियोजन भएकोमा शंकरनगर वनवाटिकाबाट प्राप्त लागत सहभागिताको रु.४० लाख बजेटमा समावेश नभएकाले उक्त रु.४० लाख थप गरी बजेट रु.२ करोड ४० लाख कायम गरी नगरसभामा पेश गर्ने निर्णय गरियो । उक्त लागत सहभागिताको रकम आ.व.०७५।०७६ को बजेटमा समावेश नभएको हुदाँ उक्त रकम समेत गरी आ.व. २०७५।०७६ को स्वीकृत कूल बजेटलाई १ अरव ३५ करोड ७२ लाख ५१ हजार कायम गरी नगरसभामा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिमा रहेको सुखौरा खोलावाट नदीजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनका लागि गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याँकनका लागि आवश्यक रकम नगर विकास योजनाको कन्टिजेन्सितर्फको क्र.सं. ८ नगर गुरुयोजना तयारी शीर्षकमा बाँकी रहेको रु पाँच लाखबाट परामर्शदाता छनौट गरी कार्यसम्पादन गर्ने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिमा रहेको तिनाउ नदीबाट नदीजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनका लागि गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याँकनका लागि आवश्यक रकम नगर विकास योजनाको कन्टिजेन्सि तर्फको क्र.सं. ७ मा वातावरण व्यवस्थापन योजना (EMP) शीर्षकमा रहेको रकमबाट परामर्शदाता छनौट गरी कार्यसम्पादन गर्ने निर्णय गरियो ।
- **आ.व. ०७४/०७५ को महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन** उपर छलफल गरी आगामी दिनमा लेखापरीक्षणका आधारभूत मान्यता (नियमितता, कार्यदक्षता, प्रभावकारिता, औचित्यता)लाई कडाईका साथ अवलम्वन गर्दै शुन्य बेरुजुको रणनीति अख्तियार गर्ने निर्णय गरियो ।
- चालु आर्थिक वर्षको पौष महिनाको आय- व्ययका बारेमा छलफल गरी अनुमोदन गरियो ।

१६.विविध ।

- चालु आर्थिक वर्षका देहाय बमोजिमका आयोजनाहरु वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम र तपसिल अनुसार संशोधन गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | शी.नं. | साबिकको योजना र बजेट | संशोधन पछिको नयाँ योजना र बजेट |
|---|---|---|---|
| १ | ३०१०(३७) सडक मर्मत नगरस्तर ति.न.पा.-९ | बनबुट्टा देखि ३ नं. जाने बाटो कालो पत्रे रु.१० लाख (५०/५०) । | • शिव पथ कालो पत्रे ५०/५० मा रु. ६ लाख । • तुलसीपुर मिलन चोकदेखि भित्र जाने बाटो कालोपत्रे (५०/५०) का लागि ४ लाख लैजाने निर्णय गरियो । |
| २ | ३०२०(११) | पुरानो सडक अधुरो कुलो निर्माण | • शंखरपुर थारु समुदायको डिवार मन्दिर मर्मत |

| | | | |
|---|---|---|---|
| | नगरस्तर ति.न.पा.-९ | रु.५ लाख । | तथा रङ्गरोगन रु.७५ हजार ।<br>• पुरानो सडक अधुरो कुलो निर्माण रु.४ लाख पच्चिस हजार । |
| ३ | ४०५० (३) नगरस्तर ति.न.पा.-७ | खोलामा तटबन्ध निर्माण योजनामा रु. १० लाख । | • केसर लाइन बुद्धपथ कालो पत्रे ५०/५० योजना रु. ६ लाख।<br>• ग्रील उद्योगदेखि दर्शनटोला थारु गाँउ भित्र कालोपत्रे ५०/५० योजना रु. २ लाख।<br>• शिव मन्दिर चोकदेखि डक बहादुरको घर हुँदै सडक मर्मत योजनामा रु. २ लाख । |
| ४ | ४०५०(४) नगरस्तर ति.न.पा.-७ | नमूना टोल जाने बाटोमा तटबन्ध योजनामा रु. ५ लाख । | • डाँडा चौपारीदेखि जहदा चोकसम्म सडक मर्मत योजनामा रु.५ लाख । |
| ५ | ४०५० (६) नगरस्तर ति.न.पा.-७ | समरा गाँउमा कुलो तटबन्ध योजनामा रु.५ लाख । | • बर्गदवा आयुर्वेदिक शिव मन्दिर विच कल्भर्ट योजनामा रु.१ लाख।<br>• समावेशी टोलमा नाला निर्माण योजना रु.१ लाख।<br>• वडा कार्यालयको दक्षिणतर्फ माटो पटान योजना रु.३ लाख । |
| ६ | ३०४० (१७) ति.न.पा.-७ | ट्रान्सफर्मर खरिद योजनाबाट बचत रकम रु.३,४७,९४० बाट । | • चम्कीपुर २ कालोपत्रे ५०/५० योजना रु.२ लाख २५ हजार ।<br>• भलवारी चोकदेखि पूर्वतर्फ कुस्माखर पंगेनीको घर सम्म बाटो मर्मत रु.९७ हजार ९ सय ४० रुपैया । |
| ७ | ३०१० (७) ति.न.पा.-२ | कल्भर्ट निर्माणमा योजनाबाट रु. ४ लाख । | • कुलोमा ४/४ फिट चौडाइ थप्ने सरदारनगरमा ५ फिट चौडाइ थप्ने योजनामा रु.७० हजार ।<br>• योगीकुटी चोक छेउ १० फुट ढलाई गर्ने योजना रु.५० हजार ।<br>• कमल पाण्डेको घरबाट उत्तरको बाटोमा स्लेप राख्ने योजना रु.८० हजार ।<br>• रामजानकी पथ योजनामा रु.१ लाख ।<br>• रेग्मी पथमा रु.१ लाख । |
| ८ | ३०४० (३) नगरस्तर र ३०४० (२७) ति.न.पा.-१२ | ट्रान्सफर्मर खरिदको बचत रकम रु. ५ लाख ४३ हजार ३ सय ६ रुपैया । | • वडा नं. १२ भित्रका बिजुली तार खरिद तथा व्यवस्थापन रु. ५ लाख ४३ हजार ३ सय ६ रुपैया । |

- नगर विकास योजना ०७५/०७६ शी.नं. १०१० (६) हाटबजार व्यवस्थापन अन्तर्गत विनियोजित रकम रु. १ करोड रकममध्ये रु. २५ लाख रकम कृषिजन्य हाटबजार व्यवस्थापन तिलोत्तमा-२ योगिकुटीको लागि खर्च गर्ने निर्णय गरियो ।

- ब.शी.न. २०२०(६) दि आर्ट अफ लिभिङ्ग डिङ्गरनगर साधनामा केन्द्र व्यवस्थापन ( नगरस्तरीय) योजनालाई समावेशीपथ (ति.न.पा.३) को बाकी भागको सडकस्तरोउन्नती नाली निर्माण कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।
- ५ नं. प्रदेश सरकार र जिल्ला समन्वय समिति रुपन्देहीको अनुगमन एवं निर्णयबाट समन्वयलाई प्रभावकारी बनाउनको लागि प्राप्त भएका सुझाव, पृष्ठपोषण, कार्यक्रम वजेटलाई प्राथमिकता साथ कार्यान्वयनमा लैजाने र आगामी दिनमा छिमेकी स्थानीय तह, जि.स.स., रुपन्देही, ५ नं. प्रदेश सरकार र संघीय सरकारसँगको समन्वय र सहयोग आदान प्रदानलाई प्राथमिकता साथ अगाडि बढाउने निर्णय गरियो ।